# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३७ | अंक ३०८ | बुटवल | २०८२ मंसिर ०२ गते, मंगलबार | नेपाल संवत ११४६ | Tuesday November 18, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**स्वदेशी वस्तु प्रयोग गरौं।**

-स्वदेशी उत्पादनमा जोड दिऔं,
- स्वदेशी उत्पादनको प्रयोग गरौं,
-स्वदेशी वस्तु तथा सेवाको संरक्षण गरौं,
- स्थानीय उद्योग र रोजगार प्रवर्द्धनमा सहयोग गरौं,
-स्वदेशी वस्तु तथा सेवा प्रयोग गरी आत्मनिर्भर बनौं,
-राष्ट्रिय अर्थतन्त्रलाई सवल बनाऔं,
-स्वदेशी उद्योगपति तथा व्यापारीलाई सम्मान गरौं,
- उद्यमीको योगदानको कदर गरौं।

**स्वदेशी वस्तु तथा सेवाको प्रर्वधन गरौं, स्वावलम्बी बनौं।**

नेपाल सरकार विज्ञापन बोर्ड


# अदालतको फैसलापछि पनि थोक कृषि बजारको टेण्डर खोल्न आलटाल

**तत्काल टेण्डर नखोले कृषि विभाग, बुटवल उप-महानगर र कृषि बजार व्यवस्थापन समितिविरुद्ध कानुनी उपचारमा जाने चेतावनी दिएका छन्।**



**लुम्बिनी संवाददाता**

*बुटवल*

अदालतको फैसलापछि पनि बुटवलको कृषि थोकबजार केन्द्रको रोकिएको टेण्डर खुल्ला नभएपछि किसान आबद्ध विभिन्न संघसंस्थाले तत्काल टेण्डर खुलाउन माग गरेका छन्। राष्ट्रिय किसान सञ्जालमा आबद्ध उनीहरुले जिल्ला र सर्वोच्च अदालतले टेण्डर खोल्नुपर्ने पक्षमा फैसला गरिसकेको र फैसलाको पूर्णपाठ समेत आइसकेकाले आलटाल नगरी खोल्न माग गरेका हुन्।

सम्बन्धित सरकारी निकायहरुले १५ वर्षदेखि सटरमा बसेका व्यवसायीलाई नै विना टेण्डर सटर दिने गरी केही दिनदेखि मिलेमतोमा चलखेल गरेको आशंका उत्पन्न भएकाले अदालतको फैसला बमोजिम कानुनसम्मत भएको बोलपत्र खोल्न व्यवसायीहरुको माग छ। टेण्डर नखोल्दा राज्यको सम्पत्तिमा हानी नोक्सानी भएको र कानुनी प्रकृया पूरा गरेर टेण्डरमा सहभागी भएका व्यवसायीको व्यवसाय गर्न पाउने नैसर्गिक अधिकार हनन् भएको उनीहरुको तर्क छ।

अखिल नेपाल किसान महासंघका केन्द्रीय सदस्य रिसभ पोखरेलले रोकिएको टेण्डर छिट्टै खोल्न कृषि विभाग, बुटवल उप-महानगर र कृषि बजार व्यवस्थापन समितिको ध्यानाकर्षण गराए। थोक बजारमा रहेका ६८ वटा सटरका लागि २६७ वटा बोलपत्र दर्ता गरेर बैंक ग्यारेन्टी समेत बुझाएको एक ववर्ष भइसकेको बताउँदै अदालतको फैसला कार्यान्वयन नगरे सम्बन्धित निकायविरुद्ध कानुनी उपचार खोज्ने पोखरलले चेतावनी दिए।

नेपाल किसान महासंघ लुम्बिनी प्रदेशकी अध्यक्ष रीता केसीले अदालतको पूर्ण पाठ समेत आइसकेकाले छिट्टै टेण्डर खोल्न माग गरिन्। 'विभिन्न बहाना बनाएर टेण्डर खोल्न ढिलाइ गरे महासंघले कानुनी उपचारसँगै चरणबद्ध आन्दोलन गर्ने छ।'-केसीले भनिन्। ०८१ भदौ २४ गते कृषि बजार व्यवस्थापन समितिले ६८ वटा सटर भाडामा लगाउने गरी बोलपत्रको सूचना प्रकाशन गरेको थियो। अदालतको आदेश आएपछि त्यहाँ व्यवसाय गरिरहेका व्यवसायीले दुई दिन बजार बन्द गरेर आन्दोलन गरेका थिए।

बुटवल कृषि उपज थोक बजार सञ्चालक समितिका अध्यक्ष घनश्याम भुसालले टेण्डर खुलाउने विषयमा छलफल जारी रहेकोले छिट्टै निकास निस्कने बताए।

२०६७ सालमा १० वर्षका लागि तरकारी तथा फलफूल व्यवसायीसँग सम्झौता भएको थियो। उक्त सम्झौतामा २०७७ भदौमा सकिएपछि कृषि मन्त्रालयको कृषि बजार प्रवर्धन केन्द्र र बुटवल उप-महानगरले सञ्चालक समितिलाई सटर भाडामा लगाउने प्रक्रिया थाल्न निर्देशन दिएको थियो। तर कोभिडलगायत कारणले ढिलाइ भएको थियो। १५ वर्षअघि निर्माण भएको बुटवल कृषि उपज तथा थोक बजार केन्द्रमा कृषि मन्त्रालयको ६० प्रतिशत, बुटवल उप-महानगरको २४ प्रतिशत र लुम्बिनी फलफूल तरकारी थोक व्यवसायी संघको १६ प्रतिशत लगानी छ।

२०८१ भदौ २४ मा प्रकाशित शिलबन्दी बोलपत्र आह्वानको सूचना बमोजिम २६७ वटा बोलपत्र दर्ता भएका र बोलपत्र खोल्ने प्रकृयामा रहेको अवस्थामा केही व्यापारीहरुले उक्त बोलपत्रको सूचना तथा काम कारबाही बदर गरी पाउँ भनी सर्वोच्च अदालत र जिल्ला अदालत मा रिट दिएका थिए। जिल्ला अदालतले २०८१ कार्तिक ९ को जारी अन्तरकालीन आदेशबाट बोलपत्र खुल्ने कार्य रोकिएकोमा सर्वोच्चबाट ८१ पुस १२ मा बोलपत्र बदरको रिट खारेज हुने फैसला भएको थियो। जिल्ला अदालतबाट २०८२ कार्तिक २० मा उक्त रिट निवेदन र अन्तरकालीन आदेश समेत खारेज हुने फैसला भएबाट बोलपत्रसम्बन्धी काम कानुनसम्मत रहेको पुष्टी भएको थियो।

अदालतको फैसलाको पूर्णपाठमा हालसम्म लिखित सम्झौता नगरी मनपरी निर्णय गरेर सटरहरू भाडामा दिएको उल्लेख छ। २०६७ सालमा १० वर्षका लागि भएको सम्झौता २०७७ सालमै सकिए पनि सो पछि कुनै सम्झौता नगरी मनपरी भाडामा लगाएको अदालतले ठहर गरेको छ।

पत्रकार सम्मेलनमा खाद्यबाली किसान संघका केन्द्रीय अध्यक्ष एवं किसान महासंघका केन्द्रीय सदस्य शिव पौडेल, नेपाल किसान महासंघका बुटवल नगर अध्यक्ष साजन भारी, नगर सह-सचिव बुद्धि सागर पाण्डे, बुटवल ११ का अध्यक्ष लक्ष्मण भण्डारीलगायतले टेण्डर नखोल्नुका पछाडि आर्थिक चलखेल रहेको आशंका गर्दै छानबिन हुनुपर्ने माग गरे। हाल सटरमा बसिरहेकाहरुले भने बजार व्यवस्थापन समितिको निर्वाचन हुनुपर्ने र नयाँ नेतृत्वले मात्र टेण्डरबारे निर्णय गर्नुपर्ने माग गरेका छन्। समितिको म्याद सकिन लागेको छ।

## प्रधानमन्त्रीले बोलाए वार्तामा आउँछौं : प्रसाईं

बुटवल। नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले प्रधानमन्त्रीले बोलाए मात्र सरकारसँग वार्तामा बस्ने बताएका छन्। सरकारले आफूहरूका माग पूरा नगरे मंसिर ७ देखि आन्दोलन सुरु गर्ने उनले बताए। सोमबार आफ्नै निवास भक्तपुरमा पत्रकार सम्मेलन गरी प्रसाईंले सरकारसँग आफूहरूका माग पेश गरिसकेकाले प्रधानमन्त्रीले बोलाए मात्र वार्तामा बस्ने बताएका हुन्।

प्रधानमन्त्री सुशीला कार्कीसँग मात्र वार्तामा बस्ने भन्दै उनले गृहमन्त्रीसँग वार्तामा बस्न अस्वीकार गरेका थिए।

कात्तिक २६ गते प्रसाईंका सहयोगीहले गृहमन्त्री ओमप्रकाश अर्यालसँग वार्ता गरेका थिए। 'प्रधानमन्त्रीले बोलाउनुभयो भने वार्तामा बस्छौं। नभए व्यवस्था परिवर्तन नभएसम्म महेन्द्र राजमार्गमा बस्छौं,' प्रसाईंले भने-'हामीले २७ बुँदे माग सरकारलाई बुझाएका छौं। हाम्रा मागमा सर्वहारा वर्गका जनताका सरोकारका कुरा छन्।'

प्रसाईंले आफूहरूलाई आन्दोलनमा जान दिने या माग पूरा गर्ने भन्नेबारे प्रधानमन्त्रीले निर्णय लिनुपर्ने बताए। 'कि हामीलाई प्रधानमन्त्रीले आन्दोलनमा जाऔं भन्नुपर्‍यो, कि मन्त्रिपरिषद्को बैठक राखेर माग पूरा गर्नुपर्‍यो।'- प्रसाईंले भने।

फागुन २१ गते प्रतिनिधि सभाको चुनाव नभई आफूहरूले अगाडि सारेका विषयमा जनमत संग्रह गर्नुपर्ने उनले माग राखे।

किराँत, बौद्धसहितको सनातन हिन्दु राष्ट्र घोषणा, गरिबको ऋण मिनाहा लगायत २७ बुँदे मागसहित प्रसाईंले मंसिर ७ देखि आन्दोलन गर्ने घोषणा गरेका छन्। प्रसाईंले यसपटक आफूहरूको आन्दोलन पूर्वपश्चिम महेन्द्र राजमार्ग केन्द्रित हुने बताएका छन्।

## १० वर्षभन्दा पुराना एम्बुलेन्स चलाउन नपाइने

बुटवल। सरकारले १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन गर्न नदिने भएको छ। स्वास्थ्य मन्त्रालयले सोमबार सूचना जारी गर्दै १० वर्षभन्दा पुराना एम्बुलेन्स सञ्चालन भएको पाइएमा सञ्चालन अनुमति दर्ता खारेज हुने व्यवस्था गरिएको जनाएको छ। एम्बुलेन्स सेवालाई थप प्रभावकारी बनाउन सरकारले यस्तो निर्णय गरेको हो।

त्यसैगरी भारतीय दूतावासबाट आवश्यक परमिट प्राप्त गरी पूर्ण रूपमा मापदण्ड पूरा गरेका एम्बुलेन्सलाई मात्रै भारत आवत-जावत गर्न अनुमति दिइने निर्णय भएको मन्त्रालयले जनाएको छ।

सूचनामा भनिएको छ-'२०८२ मा एम्बुलेन्स पैठारीमा राजस्व छुट, सञ्चालन अनुमति, नवीकरण, अनुगमन तथा अनुमति खारेजजस्ता प्रावधानहरू स्पष्ट रूपमा व्यवस्था गरिएकोले उक्त निर्देशिका कडाइका साथ पालना गर्न मन्त्रालय सबै स्वास्थ्य सेवा प्रदायक, एम्बुलेन्स सञ्चालक, एम्बुलेन्स व्यवस्थापन समिति तथा सरोकारवाला सबैमा अनुरोध छ।'

यो निर्णयसँगै सीमा क्षेत्रका बासिन्दा तथा आपत्कालीन अवस्थामा भारततर्फ रेफर गरिने बिरामीहरूलाई ठूलो राहत मिल्ने अपेक्षा गरिएको छ।

## निजी क्षेत्रको सुरक्षा सरकारले गर्छ : अर्थमन्त्री

बुटवल। अर्थमन्त्री रामेश्वरप्रसाद खनालले निजी क्षेत्रको सुरक्षासहित सुरक्षा भावनालाई मजबुत बनाउन सरकार पूर्णरूपमा प्रतिबद्ध रहेको बताएका छन्।

राष्ट्रिय कर दिवस-२०८२ का अवसरमा आन्तरिक राजस्व विभागले सोमबार आयोजना गरेको कार्यक्रममा उनले 'जेनजी आन्दोलन'ले निजी क्षेत्रलाई त्रसित बनाएको अवस्थाप्रति चिन्ता व्यक्त गरे। अर्थमन्त्री खनालका अनुसार जेनजी आन्दोलनले देखाएको असन्तुष्टि केवल सरकार वा राजनीतिक दलप्रति मात्र नभई समग्र समाज र निजी क्षेत्रप्रति आक्रोशका रूपमा समेत प्रकट भएको हो।

'विकासमा समावेशिता नहुँदा र बेरोजगारीका कारण युवाहरूमा जमेको पीडा आन्दोलनमा प्रतिविम्बित भएर आएको हो।'-उनले भने।

अर्थमन्त्री खनालले निजी क्षेत्रको सुरक्षा सुनिश्चित गर्ने दायित्व सरकारको पहिलो प्राथमिकता रहेको बताउँदै भने-'सरकारले सुरक्षाको पूर्ण प्रत्याभूति गर्छ। सुशासन, भ्रष्टाचार नियन्त्रण र नागरिकलाई सम्मानपूर्वक बाँच्ने वातावरण सिर्जना गर्नु आफैंमा सुरक्षा हो।'

उनका अनुसार हालैको आन्दोलनले करिब ७८ अर्ब बराबरको भौतिक संरचना क्षति भएका प्रारम्भिक विवरण आएको छ।

» *बाँकी ३ पेजमा*

## चुनावी प्रचारमा चुनाव चिन्ह अंकित कपडा लगाउन नपाइने

बुटवल। चुनावी प्रचारमा चुनाव चिह्न अंकित टोपी, टिसर्ट, ज्याकेट, गम्छा, मास्क वा झोला बोक्न नपाइने भएको छ।

आगामी फागुन २१ गते प्रतिनिधिसभाको चुनाव हुँदैछ। उक्त चुनावको लागि निर्वाचन आयोगले आचारसंहिता बनाएको छ।

आचारसंहिताको बुँदा नम्बर १३ मा राजनीतिक दल, उम्मेदवार, दलको भातृ संगठन तथा सम्बन्धित व्यक्तिले पालना गर्नुपर्ने आचरणसम्बन्धी प्रावधान छ। जुन आचरण जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा समेत पालना गर्नुपर्ने हुन्छ।

जुलुस, आमसभा, कोणसभा, बैठक वा भेला गर्दा सभ्य र अनुशासित तरिकाले गर्नुपर्ने हुन्छ। कसैको घरको आसपासमा गई निज वा निजको परिवारको सदस्यको सम्बन्धमा विरोध वा प्रदर्शन गर्न हुँदैछ। स्थानीय प्रशासनको अनुमति नलिई सार्वजनिक स्थलमा कुनै किसिमको जुलुस, आमसभा, कोणसभा वा भेला गर्न पाइँदैन।

जुलुस, आमसभा, कोणसभा वा भेला गर्नु अघि स्थानीय प्रशासन र प्रहरीलाई मिति, समय, मार्ग र स्थानको बारेमा कम्तीमा चौबीस घण्टा अगावै जानकारी गराउनु पर्ने हुन्छ।

आचारसंहितामा भनिएको छ-'जुलुस वा आमसभामा भाग लिने वा प्रचार प्रसार गर्ने व्यक्तिले दल वा उम्मेदवारको निर्वाचन चिन्ह वा झण्डा अंकित लोगो वा स्टिकर वा कपडा, टोपी वा क्याप, भेष्ट, टिसर्ट, ज्याकेट, कमिज, गम्छा, ब्याच, मास्क वा लकेट लगाउन वा झोला बोक्न नहुने।'

तर, उम्मेदवारले कागजमा आफ्नो तथा राजनीतिक दलको पहिचानको विवरण खुलाईएको पर्चा वितरण गर्न भने पाउनेछन्।

## यो सरकार चुनाव गर्न बनेको हैन : पोखरेल




बुटवल। नेकपा एमालेको महासचिव शंकर पोखरेलले वर्तमान सरकार चुनाव गराउनका लागि नबनेको आरोप लगाएका छन्। प्रेस चौतारी नेपाल, रूपन्देहीले सोमबार बुटवलमा गरेको पत्रकार भेटघाटमा बोल्दै महासचिव पोखरेलले फागुन २१ मा चुनाव नहुने दाबी गरे।

'नहुने निर्वाचनको पार्टीले पैरवी किन गर्ने ?', पोखरेलले भने-'सरकारका क्रियाकलाप निर्वाचन गर्नेतर्फ छैनन्, निर्वाचन आयोगले भन्दैमा चुनाव हुन्न।'

सरकारले दलहरुसँग संवाद र छलफल नगरेको जिकिर गर्दै महासचिव पोखरेलले प्रहरीबाट लुटिएका हतियार फिर्ता नभएका र कारागारबाट भागेका कैदी समेत बाहिर रहेकाले निर्वाचनको वातावरण नभएको बताए।

पोखरेलले एमाले चुनावबाट भाग्ने पार्टी नभएको, तर अहिलेको चुनौतीपूर्ण अवस्थाको निकास प्रतिनिधिसभा पुनर्स्थापना भएको तर्क गरे। 'केही राजनीतिक दलले जेनजी रिसाउलान् भनेर चुनाव भनेका छन्', पोखरेलले भने-'एमालेको स्पष्ट अडान छ, २०५९ को जस्तो वैधता नपाउने चुनावको अर्थ छैन, प्रहरी र नागरिक डरको मनोविज्ञानबाट बाहिर ननिस्कदासम्म चुनाव हुन सम्भव देखिँदैन।'

देशलाई संवैधानिक बाटोमा हिंडाउन प्रतिनिधिसभा पुनःसंस्थापना, संविधान संशोधन गरेर युवाका माग संवोधन गरी अर्ली इलेक्सनमा जान सकिने पोखरेलको धारणा छ। उनले संसद् पुनर्स्थापना सडक र अदालत दुवैले गर्न सक्ने इतिहास रहेको बताए।

संसद पुनर्स्थापनाको माग लिएर एमाले आन्दोलनमा गएपछि पार्टीमा उत्साह देखिएको बताए।

'त्यो आन्दोलनमा रास्वपाको पार्टी कार्यालय कतै जलेनन्, काठमाडौं महानगरको प्रमुख प्रशासनिक भवनमा केही भएन, तर वडा कार्यालयहरूमा आगजनी भयो, राष्ट्रपति भवन जल्यो, तर निर्मल निवासमा केही भएन', पोखरेलले भने-'यसबाट थाहा हुन्छ आन्दोलनका नाममा विध्वंश मच्चाउनेहरु को-को थिए ?'

पोखरेलले भदौ २३ र २४ गतेको घटना फरक-फरक व्याख्या गरिएको बताउँदै त्यो सही नभएको जिकिर गरे।




## सम्पादकीय

# आत्मनिर्भर अर्थतन्त्रको बाटो

रूपन्देहीको शुद्धोधन गाउँपालिका, मैनहिवामा स्थापना भएको फस्ट च्वाइस फुड उद्योगले आलु खेती गर्न मिशन कार्यक्रम चलाएर व्यवसायिक कृषिमा सहभागिता बढाएर नमूना काम गरेको छ। उद्योगले स्थानीय कच्चा सामग्री नपाएर अन्य मुलुकबाट कच्चा सामग्री ल्याएर सञ्चालन गरिरहेका बेला यो उद्योगले स्थानीय उत्पादनलाई प्रवर्धन गर्ने अभियान चलाउनु सकारात्मक छ।

अहिले उद्योगले ३० जिल्लाका ३५ हजार किसानलाई उन्नत जातको आलु खेती गराइरहेको छ। यो वर्ष ३० हजार मेट्रिक टन आलु खरिद गर्ने लक्ष्य उद्योगले राखेको छ। अझ यो वर्ष कैलालीमा प्लान्टर मेशिनमार्फत् आलु रोपिंदैछ। प्रविधिको प्रयोगले छिटो छरितो हुने र आलु राम्रो फल्ने उद्योगीको दाबी छ। किसानसँग हातेमालो गर्दै अघि बढेर व्यवसायिक आलुखेतीमा किसानलाई अग्रसर गराउनु प्रशंसनीय काम हो। एउटा उद्योगले यति धेरै किसानलाई संगठित गरेर आलु खेतीमा अग्रसर गराइरहँदा राज्यले के गरिरहेको छ भन्ने प्रश्न उठेको छ। उद्योगको काम बस्तु तथा सामान उत्पादन गरेर बजार पठाउने र प्रतिस्पर्धी बजारमा आफूलाई अब्बल बनाउने हो, तर हामी कहाँ उद्योगी आफैँ कच्चा पदार्थको व्यवस्था गर्नका लागि किसानको घरदैलोमा पुग्दैछन्। उद्योग र किसानलाई जोड्ने काम राज्यका निकायले गर्नुपर्ने हो। उद्योगले किसानको उत्पादन खरिद गर्ने ग्यारेण्टी दिएपछि अधिकतम किसानलाई संगठित गर्ने र ती किसानलाई प्रविधि र बिउलगायतको सहजीकरण गर्ने, उत्पादनमा आधारित अनुदान दिने काम राज्यको हो। मुलुक संघीयतामा गएपछि तहगत सरकारको समन्वयमा यस्ता उत्पादनमूलक काममा प्रोत्साहन गर्न प्राथमिकता दिनुपर्नेमा राज्य बेखबर झै हुनुले मुलुकको समृद्धिको यात्रामा व्यवधान खडा गर्छ।

मुलुकलाई समृद्धिको यात्रामा लैजाने हो भने आत्मनिर्भर अर्थतन्त्रको विकास आवश्यक छ। त्यसकालागि फस्ट च्वाइस उद्योगको मोडलमा उद्योगको स्थापना हुन आवश्यक छ। किसानको उत्पादन उद्योगले खरिद गर्ने, उद्योगको उत्पादन बजार पठाउने र आयात प्रतिस्थापन गर्ने, बढी भएको उत्पादन विदेश निर्यात गर्ने मोडलमा उद्योग धन्दाको विकास गर्दा हामीले अर्थतन्त्रमा तुलनात्मक लाभ पाउन सक्छौं। उद्योगी किसानको घरदैलोमा पुग्दा कम्तिमा स्थानीय सरकार पुग। सके आफूले सहकार्य गर। त्यसो गर्न सम्भव नभए प्रदेश र संघीय सरकारलाई हातेमालो गर्न अग्रसर गराऊ। कच्चा पदार्थ उद्योगलाई चाहिएको हो, गरिहाल्छन् नि भन्ने धारणा बनाएर नबस। गाउँमै युवालाई राख्ने हो र कृषिमा सम्भावनाको ढोका खोल्ने हो भने प्रतिफलमुखी कृषि प्रणालीमा जान ढिलाइ गर्न हुन्न।

# सेयर बजार ९.७८ अंकले बढ्यो



काठमाडौं। सोमबार सेयर बजारको परिसूचक नेप्से ९.७८ अंक बढेको छ। सो अंकको वृद्धिसँगै नेप्से २५५० मा कायम भएको छ। १६७ कम्पनीको मूल्य बढ्दा ७६ को घट्यो भने १३ को स्थिर रह्यो।

कारोबार रकम पनि सामान्य बढेको छ। आइतबार ३ अर्ब ८९ करोडको कारोबार भएकोमा सोमबार ३ अर्ब ९४ करोडको भयो। विकास बैंक र होटल तथा पर्यटन समूह १ प्रतिशतभन्दा धेरै बढे। दुई समूह निर्जीवन बिमा ०.०९ तथा अन्य ०.४९ प्रतिशत घटे।

बैंकिङ ०.१३, विकास बैंक १.५०, फाइनान्स ०.५६, होटल तथा पर्यटन १.०८, हाइड्रोपावर ०.८८, लगानी ०.५३, जीवन बिमा ०.६४, उत्पादन तथा प्रशोधन ०.५३, माइक्रोफाइनान्स ०.३४ तथा व्यापार समूह ०.०९ प्रतिशत बढे।

चार कम्पनीको सेयर मूल्य १० प्रतिशत बढ्यो। हालै सूचीकृत भएका बन्दीपुर केबुलकार, सागर डिस्टिलरी, बुंगल हाइड्रोपावर र झापा इनर्जीको मूल्य १० प्रतिशत बढेको हो।

त्यस्तै ग्रिन डेभलपमेन्ट बैंकको ८.८९, जोशी हाइड्रोपावरको ७.८४, माबिलुङ इनर्जीको ७.३७ तथा कर्पोरेट डेभलपमेन्ट बैंकको ७.२४ प्रतिशत मूल्य बढ्यो।

भूगोल इनर्जीको मूल्य सबैभन्दा धेरै १० प्रतिशत घट्यो। नेपाल माइक्रो इन्स्योरेन्सको ३.२१ तथा स्वाभिमान लघुवित्तको २.४० प्रतिशत मूल्य घट्यो। धेरै कारोबार भएका कम्पनीमा साहस ऊर्जा, एनआरएन इन्फ्रास्ट्रक्चर, शिवम् सिमेन्ट, राधि विद्युत् तथा युनियन हाइड्रोपावर क्रमशः अगाडि रहे।

# नेतृत्वविहीन आन्दोलनबाट ध्वस्त संरचना र पुनर्निर्माण



श्यामप्रसाद मैनाली



कलिला विद्यार्थीले गरेको २३ र २४ को आन्दोलन पृथक रह्यो। नेपाली शासकका लागि यो आन्दोलन विशुद्ध 'पोलिटिकल सरप्राइज' थियो। विद्वान् र सचेत वर्गका लागि यो एउटा मात्र अर्गानिक आन्दोलन थियो। सर्वसाधारण नागरिक आफ्नो सन्ततिको उज्ज्वल भविष्यको प्रतीक्षा यसै आन्दोलनबाट गर्दै थिए। साथै आफ्ना बालबच्चाहरू सकुशल घर फर्किने हो कि होइनन् ? चिन्ताग्रस्त हुने नै भए।

सचेत नागरिकहरू पनि आडम्बरी र भ्रष्ट शासकहरुबाट देशले उन्मुक्ति पाउने आशा गर्दै थिए। उनीहरु अब देशमा राजनीतिक स्थिरता कायम भई आर्थिक समृद्धिको दिशामा देश अघि बढ्नेमा आशावादी हुँदै थिए। किनकि प्रत्यक्ष निर्वाचित प्रधानमन्त्रीको माग आन्दोलनकारीहरूले गरेका थिए। यसले राजनीतिक अस्थिरतालाई कम गर्न मद्दत पुग्ने नै थियो। विदेशी शक्तिहरूबाट यी कलिला नानीबाबुहरू सञ्चालित थिएनन्।

सहभागीहरु ८० प्रतिशत २८ वर्षमुनिकै थिए। केही मोटरसाइकलमा सहभागी भइराखेकाहरु ३५ देखि ५० वर्षका देखिन्थे। जेनजी समूहका सहभागीहरूमा करिब २० प्रतिशत हाइस्कुलका विद्यार्थी स्कुलकै ड्रेसमा पछाडि किताबको ब्याग बोकेर सहभागिता दिइरहेका थिए। सरकारको आडम्बर र कार्यशैलीलाई विश्लेषण गर्ने क्षमता यो कलिलो दिमागमा थिएन। उनीहरू आफूजस्तै उमेरका नेताका छोराछोरीहरूको विलासी जीवन नेपोकिड्सको आकृति सम्झिँदै आन्दोलनमा सहभागिता दिइरहेका थिए। तत्कालीन प्रधानमन्त्री केपी ओलीजीले आन्दोलनलाई नजरअन्दाज गरेकै थिए। लामो समय यस्ता प्रदर्शन र आन्दोलनहरूको सामना र व्यवस्थापनको केही अनुभव भएकै कारणले यस प्रदर्शनमा सरकारले गरेको दिल्लगी नै यो अनिष्टको लागि जिम्मेवार देखिन्थ्यो। यसपछि आन्दोलनले कुन रूप लियो ? सरकार कसरी प्रस्तुत भयो ? यसको परिणाम कस्तो आयो ? हामी सबैका सामु स्पष्ट छ।

जेनजी आन्दोलन भूमण्डलीकरणको प्रत्यक्ष प्रभावमा अघि बढेको थियो। गत दुई दशकका बीचमा विश्वमा डिजिटल क्षेत्रमा ठूलो क्रान्ति आएको छ। यसमा सबैभन्दा अभ्यस्त युवा समूह हुने नै भयो। सामाजिक सञ्जालमा अभ्यस्त हुँदै विकेन्द्रित, स्वतःस्फुर्त र नेतृत्वविहीन आन्दोलनहरू धेरै मुलुकमा भइराखेका थिए। सामाजिक सञ्जालबाट प्रभावित आन्दोलनहरु प्रायः नेतृत्वविहीन नै हुन्छन्। नेतृत्वविहीन आन्दोलनले निर्धारित गन्तव्य चुम्न कठिन हुन्छ। आन्दोलनको उठानपश्चात् त्यसलाई व्यवस्थापन गर्न अत्यन्त असहज हुन्छ। यस्ता प्रदर्शनहरू, आन्दोलनहरू सानातिना विषयबाट प्रारम्भ भई पछि यसले उग्ररूप लिने गरेको पाइन्छ। यसको विशेषता भनेकै परम्परागत नेता वा दलीय संगठनको विकल्पमा जनताको सामूहिक सहभागिता हुन्छ।

सामाजिक सञ्जाल र स्वतन्त्र समूहहरुले यस्ता आन्दोलन अघि बढाएका हुन्छन्। डिजिटल माध्यमबाट आन्दोलन सञ्चालित भएको हुन्छ। केही उदाहरण प्रस्तुत गर्नुपर्दा चीनको हस्तक्षेपका विरुद्धमा हङकङमा सन् २०१४, २०१९ र २०२० मा 'हङकङ प्रोटेस्ट' भएको थियो। ३० प्रतिशत आरक्षण स्वतन्त्रताका सेनानीहरूका सन्ततिहरूलाई प्रदान गरिदिएको विरोधमा बंगलादेशका विद्यार्थीले रोजगारीको माग गर्दै सो खारेज गर्न गतवर्ष आन्दोलन गरेका थिए। यो आन्दोलनले उग्ररुप लिँदै गर्दा सत्तापलट गरिदिएको थियो। मेट्रो टिकटको मूल्य वृद्धिको विरोधमा चिल्लीमा सन् २०१९ र २०२२ मा ठूलो प्रदर्शन भयो।

पछिल्लो प्रदर्शनले संविधान संशोधनको माग राखेको थियो। नेपालमा सरकारविरुद्ध जनस्तरमा असन्तुष्टि अत्यन्तै ज्यादा भएको समयमा सामाजिक सञ्जाल बन्द गरिदिँदा यसमा अभ्यस्त युवाहरू शीघ्र एकत्रित हुन पुगेका हुन्। यी सबै प्रदर्शन र आन्दोलनहरूले धनजनको व्यापक नोक्सानी सबैतिर पुर्‍याएका छन्। तर आफ्नो एजेन्डालाई व्यवस्थित रुपले अगाडि बढाएर उपलब्धि हासिल गर्न सकेको देखिँदैन। नेपालमा पनि हालसम्मको उपलब्धि हेर्दा जेनजी समूहहरूले गरेको आन्दोलन सरकार परिवर्तनमा मात्र सीमित हुन पुगेको छ।

उनीहरुले बेथिति र भ्रष्टाचारको नियन्त्रण, कुशासनको अन्त्य र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रमुखको माग अघि सारेका थिए। संविधानमा संशोधन नभई यो माग पूरा हुन सक्दैन। फागुनमा आम निर्वाचन अन्तरिम सरकारले घोषणा गरिसकेकाले उक्त निर्वाचनबाट बन्ने संसद्ले मात्रै संविधान संशोधनको विषयमा सोंच्न सक्छ। संसद् विघटन मात्र भएको हो। संसदीय व्यवस्था र संसद्बाटै प्रधानमन्त्री र राष्ट्रपतिको निर्वाचन आसन्न निर्वाचनबाट गठन हुने संसद्बाटै हुनेछ। संविधानमा संशोधन गर्ने विषय अब गरिने निर्वाचनपश्चात् मात्र सोच्न सकिन्छ। यही संविधानमा आधारित भएर जो कोहीले नयाँ दल गठन गर्न सक्छन्। दलीय प्रतिस्पर्धामा विद्यमान संविधानअनुसार आगामी निर्वाचनमा प्रतिस्पर्धा गर्नुपर्ने हुन्छ। अर्को विकल्प स्वतन्त्र उम्मेदवारी दिने हो। बहुदलीय शासन प्रणालीमा स्वतन्त्र उम्मेदवारहरूको प्रभाव विश्वपरिवेशमा हेर्दा खासै उपलब्धिपूर्ण देखिँदैन।

ठूला दलहरूमा आन्तरिक लोकतन्त्रको अभाव छ। दोस्रो तहमा रहेका अधिकांश नेताहरूमा दासत्व मनोवृत्ति व्याप्त छ। उनीहरू यथार्थतामा लघुताभास पालेर मनोवैज्ञानिकरुपमा निस्प्रभावी भइराखेका छन्। आम नागरिकको आलोचनाका पात्र बनेका दलका नेताहरूको दलभित्र हालीमुहाली यथावत् हुने सम्भावना प्रबल देखिँदै छ। कार्की आयोगले जेनजीका कलिला बाबुनानीहरूविरुद्ध कारबाहीको सिफारिस गरेमा आश्चर्य मान्नुपर्ने अवस्था रहँदैन। भ्रष्टाचारको छानबिन गर्ने आयोगले आफ्नो निष्कर्षसहितको प्रतिवेदन सरकारलाई बुझाउने हो। सरकारले उक्त प्रतिवेदन संविधानतः आवश्यक कारबाहीका लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगलगायतका अधिकारप्राप्त निकायहरूमा पठाउनुपर्दछ। अधिकारप्राप्त निकायहरूले प्रचलित कानुनअनुसार छानबिन गर्नुपर्ने हुन्छ। यो सबै कर्मकाण्डी प्रक्रियाको अन्तिम निष्कर्ष भनेको 'घुमिफिरी रुम्जाटार' त हुने होइन ? आशंका गर्ने ठाउँ प्रशस्त छ। नेतृत्वविहीन आन्दोलन भएकाले आन्दोलनकारीहरूले आफ्नो तर्फबाट आधिकारिक प्रतिनिधि अहिलेसम्म दिन सकेका छैनन्। उनीहरूका बीचमै द्वन्द्व छ। आन्दोलनको आयोजना गर्नेहरू गुमनाम छन्। जसले आधिकारिक प्रतिनिधिका रुपमा उभ्याउने कोशिश गरेका छन् उनीहरु विवादित छन्। यस अवस्थामा लामो समयदेखि शासन सत्तामा हालिमुहाली गरेर बसेका दलहरुलाई आन्दोलनकारीहरूको एजेन्डामा सहमत गराउन वा बाध्य पार्न सक्ने सम्भावना कति छ ? यसबारेमा गहिरो चिन्तन गर्नुपर्ने अवस्था छ।

**धनजनको क्षति र पुनर्निर्माणको प्रश्न :**

धनजनको क्षतिको प्रकृति हेर्दा यसले दिन खोजेको दिशा अन्योल देखिन्छ। सिंहदरबार, सर्वोच्च अदालत र देशभरका सरकारी संरचनाहरू ध्वस्त बनाइँदा यसबाट पर्न जाने प्रभाव समग्र नेपाली जनतालाई नै हो। सन्त र सादगी नेताका रुपमा आफ्नो पहिचान बनाएका नेपाली जनताले सम्मान दिएका स्वर्गीय किसुनजीको आश्रम र त्यहाँ रहेका अमूल्य सामग्रीहरू नष्ट भए। हालसम्म नेपालका एकमात्र दूरदृष्टि भएका महान् नेता स्व. बीपी कोइरालाका शालिकहरू खोजी-खोजी ध्वस्त बनाइयो। प्रहरी चौकीहरू देशभर आन्दोलनकारीहरूको निशानामा परेका छन्। आफ्नै परमाधिपतिको निवास र कार्यालय खरानी बन्दै गर्दा देशको सेना मुकदर्शक बनेको छ।

राष्ट्रपति आफ्नै निजी निवास खरानी बनिरहेको दृश्यले चिन्तित बनेकाले उनले आफ्नो कार्यालय र सरकारी निवास जलिरहँदा त्यसलाई रोक्न आफ्नै मातहतमा रहेको सेनालाई आदेश दिएनन्। सरकार प्रमुखको राजीनामा गराउने र नयाँ सरकार गठन गर्ने प्रक्रियामा सेनाको भूमिका सकारात्मक रह्यो। तर ऐतिहासिक सार्वजनिक अमूल्य सम्पत्तिहरू ध्वस्त बनिरहँदा यसलाई नियन्त्रण गर्न सेनाले क्रियाशीलता देखाएन। प्रहरीहरूले गिर्दो मनोबलका साथ उपस्थिति दिइराखेका थिए। उनीहरूको हतियार लुटियो। कर्तव्यरत प्रहरीहरु मारिन थाले। गोलीगठ्ठाहरु लुटिए। यसको सुरक्षा गर्न प्रहरी प्रमुखलगायतले उत्साह देखाएनन्। शिथिलता र निराशाको अवस्थामा आफैँलाई प्रस्तुत गर्न पुगे। देश अराजक अवस्थामा पुग्यो। घमण्डी शासकहरु स्पष्टरुपमा प्रहरी र नेपाली सेनालाई उपयुक्त ढंगले परिचालन गरी यो धनजनको हानि नोक्सानी रोक्न प्रभावकारी देखिएनन्।

जेनजी समूहले राखेका सातबुँदे मागहरूको बारेमा उनीहरूसँग छलफल गर्न उत्साह देखाएनन्। किनकि आक्रोश उनीहरुकै विरुद्ध थियो। जेनजी समूहको मागलाई पूरा गर्न सक्ने हैसियत उनीहरूमा थिएन। आफैँ गलत क्रियाकलापमा पटक-पटक फस्दै गएका थिए।

ओलीजीको राजीनामा स्वीकृत भएपश्चात् देश सरकारविहीन अवस्थामा थियो। यस परिस्थितिमा राष्ट्रपति र सेना प्रमुखले शीघ्र देशको शान्ति सुरक्षाको जिम्मेवारी सेनाले लिने व्यवस्था मिलाउनुपर्दथ्यो। यसो भएको भए यति धेरै धनजनको नोक्सानी हुने थिएन। भाद्र २४ गते दिनको २ बजेदेखि ९ बजेसम्म देश लावारिस थियो। यही अवधिमा थुप्रै धनजनको हानि नोक्सानी हुन पुग्यो। यसको जवाफदेहिता कसले लिने ? नवगठित न्यायिक छानबिन आयोगले यसका बारेमा बोल्नै पर्ने परिस्थिति बनेको छ। नारायणमान बिजुक्छेले यो हानि नोक्सानी गरेकै नेपाली सेनाले हो भन्नेजस्ता सङ्गीन आरोपहरु लगाइसकेका छन्।

अब यी सम्पूर्ण सरकारी संरचनाहरूको पुनर्निर्माण गर्नुपर्ने हुन्छ। यसका लागि ठूलो धनराशि आवश्यक छ। सरकारले आफ्नै प्रयासबाट पुनर्निर्माण गर्ने आशय देखाएको छ। यो स्वागतयोग्य छ। सरकारप्रति जनताको विश्वास रहने अवस्था सिर्जना गर्नु र सबै नागरिकलाई एकताको सूत्रमा आबद्ध गराएर सहयोग लिन सक्नुपर्दछ। गैरराजनीतिक व्यक्तित्वहरूको सहभागितामा बनेको वर्तमान सरकारबाट यो सम्भव हुने हो वा होइन ? शङ्का गरिँदै छ। यस्ता पवित्र कार्यहरूको थालनी गर्दै अघि बढ्दा विश्वपरिवेशमा विकसित देशहरुमा पनि असहज परिस्थिति निर्माण भएका छन्। दोस्रो विश्वयुद्धमा युरोप ध्वस्त भयो। यसको पुनर्निर्माण आवश्यक देखियो।

त्यतिखेरको युरोपमा पूर्वाधारको पुनर्निर्माण, भोकमरी र गरिबीको अन्त्य, औद्योगिक उत्पादनजस्ता विषयमा सम्बोधन गर्नुपर्ने अवस्था थियो। यी पवित्र कार्यहरूमा कुनै प्रकारको राजनीतिक गन्धसम्म पनि आउन नदिई विशेषज्ञहरूको परिचालन गरेर सफलतापूर्वक युरोपलाई पहिलेको भन्दा राम्रो अवस्थामा फर्काउने काम भयो। पुनर्निर्माणका कार्यहरू उपयुक्त प्रकारले व्यवस्थापन गर्न नसक्दा प्रत्युत्पादक बनेका उदाहरण छन्। प्रथम विश्वयुद्धको समयमा जर्मनीको उदाहरण नै पर्याप्त छ। यस युद्धपश्चात् सन् १९४९ मा जर्मन दुई टुक्रा भयो। दोस्रो विश्वयुद्धमा शर्मनाक पराजय भोग्नुपर्‍यो। लोकतान्त्रिक व्यवस्थालाई अधिनायकवादी व्यवस्थाले विस्थापित गरिदियो। नेपालमा पनि युरोपको मोडेलमा गएर पुनर्निर्माणको पवित्र कार्यलाई अघि बढाउनुपर्ने आवश्यकता छ। यसमा सरकारको सफलता नागरिकहरूको सहयोग कुन हदसम्म प्राप्त गर्न सक्ने हो ? त्यसैमा निर्भर गर्दछ।

देशका राष्ट्रप्रेमी, इमानदार, सचेत नागरिकले शासकहरुलाई आफ्नो शैलीमा परिवर्तन ल्याई सुशासन दिन र लोकतन्त्रको रक्षा गर्न सुझाव दिइरहे। सार्क क्षेत्रकै राष्ट्रहरूमा नातावाद, कृपावाद, लोभलालचकै कारण सरकार संकटमा परी आन्दोलनबाट सत्ताच्युत भएको घटनाले पनि उनीहरुलाई कुनै प्रभाव पारेन। विश्व परिवेशको अध्ययन गर्दा मन्टेस्क्युले भनेजस्तै विलासिताका कारण गणतन्त्र समाप्त भएको छ र हुन्छन्। यो कटु सत्य हो। भ्रष्टाचारमा लिप्त भएर विलासी जीवन भड्किलो प्रकारले बिताइरहेका रोमका शासकहरुले लोकतन्त्र गणतन्त्रलाई गुमाई रोमन साम्राज्यमा परिणत हुन बाध्य हुनुपर्‍यो। इरानका राजा रेजा पल्वी, कंगोका मोबुतुको दुर्दशा पनि देखेकै होलान्, फ्रान्सको राज्य क्रान्तिपश्चात् नेपोलियन बोनापार्टले आफैँलाई सम्राट घोषणा गरे। विश्व राजनीतिक इतिहासको जानकारी राख्न पनि हाम्रा शासकहरुले जाँगर चलाएनन्।

भ्रष्टाचारमा लिप्त हुँदै परिवारवादमा रमाए। कार्यकर्तारूपी स्वार्थ झुन्डको समर्थनमा आत्मरतिमा मुग्ध बने। परिवारवादमा रमाउँदा श्रीलङ्काका शासकहरूको अवस्थाको ख्याल गरेनन्। समाजशास्त्री माल्टा आर्जुका अनुसार ग्वाटेमालामा २२ परिवार र उनका नाताहरूले ४५० वर्षसम्म अकण्टक शासन गरे। भ्रष्टाचार र विलासी जीवन अत्यन्त भड्किलो बनाए। उनीहरूको अवस्था अत्यन्त दयनीय बन्यो। यसभन्दा माथि उठ्दा आफ्ना दलका पनि आफू समर्थक झुन्डहरूको कित्तामा सीमित बने। यसबाट परिस्कृत बन्दा दललाई प्राथमिकतामा राखे। यिनीहरूको दृष्टिमा राष्ट्र, राष्ट्रियता र लोकतन्त्र कहिल्यै प्राथमिकतामा परेन। सम्पत्तिको संग्रह यो हदसम्म हुँदै गयो कि यसलाई व्यवस्थापन गर्ने क्षमता पनि शासकहरुसँग रहेन। भड्किलो जीवनशैली नेपाली जनताले नजिकबाट अवलोकन गर्दै गए। 'अति सर्वत्र वर्जयेत्', कलिला अपरिपक्व जेन्जी युवाहरुले हजुरबुबाहरूको शासनसत्ता तासको घरजस्तै दुई दिनमै समाप्त गरिदिए। अझै पनि यी नेतृत्व तहमा रहनेहरुमा सुधारको संकेत देखिएको छैन।

लोकतान्त्रिक मुलुकमा जतिसुकै बदनाम भए पनि जनताका धरोहर भनेका राजनीतिक दलहरु नै हुन्। जनताका प्रतिनिधि भनेका यिनै दलका नेताहरू नै हुन्। पात्रहरू खराब हुँदा देश र लोकतन्त्र संकटमा पर्ने हो। नेपालको सन्दर्भमा विश्लेषण गर्दा राजनीतिक प्रणाली धेरै खराब छैन। संविधानमा पनि केही परिमार्जन गरेर परिवर्तनका दिशामा सहजै अघि बढ्न सकिन्छ। यसका लागि राजनीतिक दलहरूका बीचमा राष्ट्र र लोकतन्त्रको संरक्षण गर्ने जिम्मेवारीबोध हुनु जरुरी छ। यो सम्भावना दलहरूका नेतृत्व तहमा देखिँदैन। किनकि उनीहरू शासनसत्ताका अम्बली (एडिक्ट) भइसकेका छन्। राजनीतिमा क्रियाशीलता दिइराखेका विभिन्न दलमा रहेका युवाहरुले अब फरक ढंगले आ-आफ्ना दलहरुलाई परिचालन गर्ने साहस गर्न सक्नुपर्छ। अन्यथा पुनः अर्को आन्दोलनको चपेटामा देश पर्न सक्छ।

करिब १० हजार थान गोलीहरू र १२ सय थान राइफलहरू प्रहरीबाट लुटिएका छन्। करिब ६ हजार खुंखार अपराधीहरू कारागारबाट भागेर यसै समाजमा छिपेरहेका छन्। भोलिका आन्दोलनमा यी अपराधी झुन्डहरूको दुरुपयोग हुन सक्छ। यी हतियारहरू खुंखार अपराधीहरूबाट निर्वाचनको समयमा दुरुपयोग हुन पुग्यो भने आसन्न निर्वाचन सम्पन्न हुने कल्पना नगर्दा हुन्छ। यी अपराधीहरूले भूमिगतरुपमा राष्ट्रविरुद्ध प्रशिक्षण प्राप्त गर्न सक्छन्। यिनै हतियारको प्रयोग र थप हतियारको प्रशिक्षणसहित आन्दोलनमा फेरि घुसपैठ हुँदा परिणाम के हुने होला ? यसबारेमा आजीवन स्वतन्त्रताको संग्राममा जीवन बिताएकाहरुलाई किन चिन्तित नबनाएको होला ? यस संकटपूर्ण अवस्थाको मनन गरी शीघ्र राष्ट्रलाई उचित निकास दिन लागिपरौँ। भ्रष्टाचार नियन्त्रण, बेथितिमा सुधार, सुशासन कायम र राजनीतिक स्थिरता जेनजी युवाहरूको नारा हो, माग हो। यी मागहरू आम नेपालीका हुन्। यी उपयुक्त मागहरूलाई सम्बोधन गर्दै सही निकास दिन राष्ट्रप्रेमीहरू सबै एकजुट हुने समय आएको छ। अन्यथा जस्तोसुकै दुरावस्थाका लागि तयार हुनुपर्दछ। यो नै आजको नेपालको यथार्थता हो।

समाचार पत्रबाट



**जनताको पीडा उर्जा संकट :**

नवलपरासी पश्चिमको सुनवल नगरपालिका ९ नम्बर स्वाठीका स्थानीय महिलाहरु बिहान ७ बजे घरबाट दाउरा लिनका लागि श्रीमहलपोखरी देवी सामुदायिक वन उपभोक्त समूहमा जाने गर्दछन् । सामुदायिक वनलाई जंगल प्रवेशबापत ५० रुपैयाँ तिरेर जंगल पस्ने अनुमति लिएर दाउरा खोज्ने र दिउँसो २ बजे घरमा आउने गरेका छन् । घरमा परिवार ठूलो भएका कारण ग्यासले मात्र नपुग्ने भएको र आफूहरु गरिब भएका कारण ग्यास खरिद गरेर समेत समस्या हुने गरेको उनीहरुले बताए । जाडोमा दाउरा नहुँदा आगो ताप्न पनि समस्या हुने गरेका कारण जंगल गएर दाउरा ल्याउन परेको उनीहरु बताउँछन् । श्रीमान काममा जाने भएका कारण महिलाहरु जंगल गएर दाउरा ल्याउने गर्दछन् । आफ्नो जग्गा नभएका कारण अरु दिन मजदुरी गर्न जाने र हप्ताको एक दिन उनीहरु जंगल जाने गर्दछन् । दाउरा लिन १० किलो मिटर साइकल चलाएर जाने र आउँदा दाउरा लिएर पैदल आउने गर्दछन् । तस्विरः केशव पराजुली

# भाषा संस्कृति संरक्षणमा जोड



देवदह । भाषा, संस्कार संस्कृति विना जातीय पहिचान स्थापित हुन नसक्ने रुपन्देहीको देवदहमा आयोजिक एक कार्यक्रममा बोल्ने वक्ताहरुले जोड दिएका छन् । उनीहरुले भाषा, संस्कृतिले मात्र पहिचान स्थापित हुने बताउँदै नयाँ पुस्तालाई हस्तान्तरण गर्न आवश्यक रहेकोमा जोड दिएका थिए ।

खेमा तमु छोंज धी देवदहको सातौं वार्षिक साधारणसभामा बोल्ने वक्ताहरुले उक्त कुरा बताएका हुन् । सो अवसरमा बोल्दै तमु छोंज धी गुरुङ्ग राष्ट्रिय परिषद्का केन्द्रीय सदस्य एवं लुम्बिनी प्रदेश प्रमुख झपतबहादुर गुरुङ्गले शिक्षा विना लक्ष्य प्राप्त गर्न नसकिने हुँदा शिक्षालाई प्राथमिकता दिनु पर्नेमा जोड दिए ।

उनले गुरुङ्ग समाज संस्कृतिको धनी भएको बताउँदै आफ्नो भाषा, संस्कार, संस्कृतिको संरक्षणमा सबै एकताबद्ध भएर लाग्नु पर्ने बताए । उनले विदेश पलायनभन्दा पनि स्वदेशमै केही गरेर राष्ट्र र राष्ट्रियता बचाउनको लागि लाग्न आवश्यक रहेको औंल्याए । खेमा तमु छोंज धी देवदहका अध्यक्ष थमनसिंह गुरुङ्गको अध्यक्षतामा भएको कार्यक्रममा देवदह नगरपालिकाका प्रवक्ता गणेश डुम्रे, गुरुङ्ग भाषाका अभियन्ता भिममप्रसाद गुरुङ्ग, तमु छोंज धी गुरुङ्ग राष्ट्रिय परिषद् रुपन्देहीका अध्यक्ष रामबहादुर गुरुङ्ग, तमुस्यो ह्युला छोंज धी रुपन्देहीका सचिव बविता गुरुङ्ग, तमु छोंज धी गुरुङ्ग राष्ट्रिय परिषद् देवदहका अध्यक्ष मनबहादुर गुरुङ्ग, माङ्गी समूहका मनु गुरुङ्ग, ढेकावर इकाईका अध्यक्ष लालबहादुर गुरुङ्ग, पर्वत तमु समाजका उपाध्यक्ष बुद्ध गुरुङ्गलगायतले आ-आफ्ना भनाइ राखेका थिए ।

कार्यक्रममा खेमा तमु छोंज धी देवदहलाई योगदान दिने पूर्वअध्यक्ष, संस्थापकसँगै व्यवसायी र विद्यार्थीहरुलाई सम्मान गरिएको थियो ।

कार्यक्रममा अध्यक्ष गुरुङ्गले वार्षिक प्रतिवेदन, कोषाध्यक्ष धनकुमारी गुरुङ्गले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए ।

खेमा तमु छोंज धी देवदहका वरिष्ठ उपाध्यक्ष पानबहादुर गुरुङ्गको स्वागत र सचिव विश्व गुरुङ्गको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।

# छ हजारलाई आधारभूत योग शिक्षा प्रदान

गलकोट (बागलुङ) । बागलुङमा छ हजार नागरिकलाई योग शिक्षा प्रदान गरिएको छ । मानवसेवा आश्रम बागलुङ शाखाले आयोजना गरेको योग शिविरबाट छ हजार बढीलाई योगासनको विषयमा जानकारी गराइएको हो ।

आश्रमको निर्माणाधीन भवन सम्पन्न गर्ने उद्देश्यले आयोजना गरिएको श्रीमद् भागवत सप्ताह ज्ञान विज्ञान महायज्ञको अवसरमा छ हजारलाई योग शिक्षा दिइएको आयोजकले जनाएको छ । गत कात्तिक २२ गतेदेखि एक हप्ता योग शिविर सञ्चालन गरिएको थियो । पतञ्जली योग समिति नेपालका योग प्रशिक्षक ललित शङ्कर योगीले योग, ध्यान र प्राणायम गराएका छन् ।

पतञ्जली योग समिति बागलुङका सङ्गठन, मन्त्री तथा महायज्ञ व्यवस्थापन योग उपसमितिका संयोजक अमृत कँडेलको संयोजकत्वमा शिविरको सञ्चालन तथा व्यवस्थापन गरिएको थियो ।

# एक वर्षमा ४२ हजार ८५६ विद्युतीय सिफारिस जारी

काठमाडौं । एक वर्षको अवधिमा काठमाडौँ महानगरपालिकाले ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी गरेको छ । विसं २०८१ माघ १३ गतेदेखि कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमार्फत ४२ हजार ८५६ वटा विद्युतीय सिफारिस जारी भएको हो ।

सूचना प्रविधि विभागका प्रमुख अनिरुद्र नेपालले कामपाले प्रयोगमा ल्याएको उक्त प्रणालीमा गत वर्ष २३ हजार ८६३ र यस वर्ष १८ हजार ९९३ सिफारिस अनलाइनबाट स्वीकृत भएका जानकारी दिए ।

“चालु आर्थिक वर्षमा मात्र अनलाइनबाट सिफारिस माग गर्नेको संख्या २० हजार ३९८ सेवाग्राही हुनुहुन्छ ।

यो प्रणालीमा १९५ प्रकारका सेवासँग सम्बन्धित ढाँचा राखिएका छन् ।”- उनले भने ।

विद्युतीय सेवाका लागि सञ्चालन गरिएको ‘सिफारिस तथा प्रमाणित प्रक्रिया व्यवस्थापन प्रणाली’लाई थप परिष्कृत गर्दै लैजाने उद्देश्यले कामपाले उक्त प्रणाली कार्यान्वयनमा ल्याएको हो ।

विद्युतीय हस्ताक्षर प्रणालीलाई कार्यान्वयन गराउने विषय उल्लेख गर्दै उनले भने-“अनलाइन प्रणालीको पूर्ण कार्यान्वयनले नागरिकको धेरै समस्या सुल्झिन्छन् ।

सेवा लिन नागरिकले कार्यालय पुग्नु नपरोस् । पुग्नै परे पनि कुर्नु नपरोस् । यसका लागि हामी संवेदनशील बन्नुपर्छ ।”

चालु आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रममध्ये सार्वजनिक सूचनामार्फत प्रक्रिया अगाडि बढाउनुपर्ने कामलाई तत्काल अगाडि बढाउन, अन्तिम लेखा परीक्षणका लागि जिम्मेवारी छुट्याउन, आवश्यक पर्ने कागजात तयार पार्न आग्रह गरिएको छ ।

# कृषि औजारमार्फत् आलु रोप्दै किसान



चितवन । यहाँका किसानले आलु खेतीका लागि नयाँ प्रविधिको प्रयोग गर्न थालेका छन् । पूर्वी चितवनको खैरहनीमा किसानले भारतबाट आलु लगाउने औजार ल्याएर रोप्न थालेका छन् । विगत लामो समयदेखि आलुखेती गर्दै आएका खैरहनी नगरपालिका-१० का कृष्ण अर्याल भारतबाट उपकरण झिकाएर आलु रोपेको जानकारी दिए ।

उनले भने-“खर्च कम आउने, पानी लगाउन सजिलो हुने र आकर्षक देखिने भएकाले यो औजार मगाएका हौँ ।” सुरुआतमा यसको प्रभावकारिता हेर्ने भनेर ल्याइएको भए पनि अहिले आलुखेती गर्ने किसानले यही राख्ने योजनामा रहेको उनले बताए ।

आलुको बिउ रोप्न र खन्न यसले सहज हुने गरेको उनले जानकारी दिए । किसान अर्यालले हरेक वर्ष पाँच बिघा क्षेत्रफलमा आलुखेती गर्दै आएका छन् । उनका अनुसार मजदुर लगाउँदा एक कट्ठामा रु एक हजार खर्च आउने गर्दथ्यो । अहिले यो औजारले एक बिघा ६ कट्ठा (२६ कट्ठा) रोप्नका लागि तीन घण्टा लागेको उनले सुनाए ।

सो क्षेत्रफलमा आलु रोप्दा तीन घण्टाको रु ६ हजार ६ सयमा आलु रोपिएको उनले जानकारी दिए । खैरहनीमानै आलुखेती गर्दै आएका किरण आचार्य, मधु उप्रेती, दिपेन्द्र आचार्य, सीताराम अर्याल, रत्ननगरमा आलु खेती गर्दै आएको मधुर नेपाललगायतका किसानले प्रविधिको प्रयोग गरेर आलु रोपिसकेका छन् ।

किसान आर्याललले भने-“उपकरण केही ढिला गरेर आउँदा सबै किसानले यसको प्रयोग गर्न पाएनन् । आगामी याममा सबैले यसको प्रयोग गर्ने छन् ।” यस उपकरणले चारवटा लाइनमा मल र बिउ एकै पटक खसाल्ने गरेको अर्का किसान सीतारमा अर्यालले जानकारी दिए ।

यसले एक पटकमा चार क्वीन्टल बिउ र एक क्वीन्टल मल बोकेर रोप्ने गर्दछ । यसका लागि ४० देखि ५० ग्रामका एकनासे आलुका बिउ हुँदा रोप्न सजिलो हुने उनले जनाए । ठूला गरामा यसको प्रयोग गर्दा छिटो हुने गरेको किसानले बताएका छन् । यो औजारको प्रयोगले आलुखेती गर्ने किसानलाई सहज बनाएको छ ।

अहिले आलु लगाउने मुख्य मौसमको रुपमा रहेको छ । केही समय अघि लगाएर उम्रने समयमा आएको बेमौसमी वर्षातका कारण यस क्षेत्रका किसानले क्षति व्यहोर्नु परेको छ । बेमौसमी वर्षात्का कारण यहाँ लगाइएको आलुको बिउ कुहिएको थियो । कृषि विकास कार्यालय चितवनका बागबानी विकास अधिकृत स्वस्तिका चौहानका अनुसार जिल्लाको ९७ दशमलब ७ हेक्टर क्षेत्रफलमा लगाइएको आलुको बिउ कुहिएको छ ।

एक हेक्टर क्षेत्रफलमा दुई हजार किलो आलुको बीउ प्रयोग हुने गर्दछ । उनले भने-“आलुको बिउ कुहिएसँगै किसानले बिउ नपाउने र मूल्य नपाउनसक्ने जनाउँदै खेती परिवर्तन गर्न थालेका छन् ।” जिल्लामा एक हजार ९९० हेक्टर क्षेत्रफलमा आलुखेती गरिँदै आएको छ । अहिले वर्षातका कारण बिउ उम्रने समयमा कुहिएपछि केही क्षेत्रफल घट्न सक्ने कार्यालयले जनाएको छ ।

किसानले उत्पादनपछि बजार मूल्य नपाउने हो की भन्ने डरले आलु लगाउने जग्गामा राजमा, सिमि जस्ता बाली लगाउन थालेको उनले जानकारी दिए । जिल्लामा विशेषगरी खैरहनी नगरपलिका, राप्ती नगरपालिका, रत्ननगर नगरपालिका, भरतपुर महानगरपालिका र माडी नगरपालिकामा आलुखेती हुने गरेको छ । प्रति किलो रु ६० मा किनेर लगाएको आलुको बिउ कुहिएपछि किसान चिन्तित बनेका छन् । पुनः लगाउनका लागि आलुको बीउ पाउनसमेत कठिन भएको छ । चौहानले भने-“कतिपयले बीउ कुहिए पनि पुनः आलु खेतीनै गरेका छन् भने कतिपयले खेती परिवर्तन गरेका छन् ।”

# जनप्रिय सामुदायिक वनको साधारणसभा



देवदह । जनप्रिय सामुदायिक वन उपभोक्ता समुह देवदहको १५औं वार्षिक साधारणसभा सम्पन्न भएको छ । समूहका अध्यक्ष रुका सापकोटाको अध्यक्षता र देवदह नगरपालिकाका उप-प्रमुख विद्यालक्ष्मी गुरुङ्गको प्रमुख आतिथ्यतामा उक्त कार्यक्रम सम्पन्न भएको हो ।

साधारणसभामा अध्यक्ष सापकोटाले वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै आगामी वर्षको लागि एक करोड ५७ लाख ५१ हजार बराबरको योजना प्रस्तुत गरेका थिए । समूहका अध्यक्ष सापकोटाले आर्थिक वर्ष २०८२/०८३ को लागि प्रस्तुत प्रशासनिकतर्फ १५ लाख ७५ हजार, वन व्यवस्थापनतर्फ ६३ लाख, सामाजिक विकासतर्फ ३१ लख ५० हजार र गरिबी न्यूनीकरणतर्फ ४७ लाख २५ हजार बराबरको योजना साधारणसभाले पास गरेको छ । वार्षिक साधारणसभाको उद्घाटन गर्दै उपप्रमुख गुरुङ्गले सामुदायिक वनलाई उत्पादन संग जोड्नु पर्नेमा जोड दिइन् ।

उनले सामुदायिक वनका उपभोक्ताहरुलाई उत्पादन संग जोड्ने गरी योजना अगाडि सार्नुपर्ने बताउँदै त्यसको लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरिन् । उनले वनको संरक्षणले मात्र वातावरण स्वच्छ हुने हुँदा सामुदायिक वनको विकासका लागि सामुदायिक वनहरुसंग नगरपालिकाले हातेमालो गरेर अगाडि बढ्न तयार रहेको बताइन् ।

उनले सामुदायिक वन समूहले विशेष गरेर गरिबी न्यूनीकरणलाई प्राथमिकता दिनुपर्ने बताउँदै उत्पादनले मात्र सामुदायको उन्नति हुने जनाइन् । कार्यक्रममा देवदह नगरपालिका-९, का वडाध्यक्ष मोहनबहादुर जिसी, सव डिभिजन वन कार्यालय शितलनगरका सहायक वन अधिकृत पुष्पराज श्रेष्ठ, वन महासंघ रुपन्देहीका अध्यक्ष श्यामकला आर्चाय, समूहका सल्लाहकार संयोजक ऋषिराम सापकोटा, गाउँ वन समन्वय सञ्जाल रुपन्देहीका उपाध्यक्ष तेजबहादुर कुँवर, भलुही खानेपानी संस्थाका अध्यक्ष रामप्रसाद सापकोटा, जनप्रिय माविका प्रधानाध्यापक गायत्रीप्रसाद खरेल, मनबहादुर गुरुङ्गलगायतले बोल्दै वनलाई डढेलो, चरिचरण र चोरी तस्करीबाट रोक्नको लागि आमउपभोक्ताहरु सचेत हुनु पर्नेमा जोड दिएका थिए ।

कार्यक्रममा कोषाध्यक्ष दुर्गाप्रसाद भुर्तेलले आर्थिक प्रतिवेदन, लेखा संयोजक खड्कबहादुर क्षेत्रीले लेखा प्रतिवेदन प्रस्तुत गरेका थिए । कार्यक्रममा जेष्ठ उपभोक्तांलाई सम्मानसँगै सामाजिक उत्तरदायित्वअन्तर्गत जनप्रिय माध्यमिक विद्यालयलाई एक लाख प्रदान गरिएको थियो ।

समूहका उपाध्यक्ष टेकबहादुर विकको स्वागत र सचिव मालिका थापाको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थियो ।


## परामर्श सेवाको लागि आशय पत्र (Expression of Interest) पेश गर्ने सम्बन्धि सूचना

प्रकाशन मितिः २०८२।०८।०२

यस कपिलवस्तु साझेदारी वन उपभोक्ता समुह, शिवराज न.पा-३ कपिलवस्तुको चा.लु. आ.व. २०८२।०८३ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार तपशिलका प्राविधिक कृयाकलापहरु परामर्शदाताबाट गर्नु पर्ने भएकोले वन सम्बन्धी परामर्श सेवा उपलब्ध गराउने उद्देश्यले दर्ता भएका इच्छुक तथा योग्यता पुगेका फर्म, संस्था वा कम्पनीले यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र कृयाकलापगत छुट्टाछुट्टै आशय पत्र (Expression of Interest) पेश गर्न सार्वजिक खरिद ऐन, २०६३ को दफा ३० बमोजिम यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र पेश हुन नआएका र रीत नपुगेका आशय पत्र उपर कुनै कार्यवाही गरिने छैन। सूचनामा तोकिएको म्यादको अन्तिम दिन विदा परेमा सोको भोलि पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम म्याद मानिनेछ। संक्षिप्त सूची (Short lists) मा समावेश भएका परामर्शदाताबाट मात्र प्राविधिक र आर्थिक प्रस्ताव माग गरिनेछ। आशयपत्र सम्बन्धी विस्तृत सूचना समुहको सूचना पाटीमा टाँस गरिएको छ।

तपशिल

| क्र.सं. | कृयाकलापहरुको विवरण |
|---|---|
| १ | सव कम्पार्टमेन्टमा रुख नक्सांकन कार्य |
| २ | सव कम्पार्टमेन्टमा पत्ल्याउने तथा सुधार कटान योजना तयारी (T+I) |
| ३ | सव कम्पार्टमेन्ट छुट्टाउने सिमांकनक कार्य |

अध्यक्ष
**कपिलवस्तु साझेदारी वन उपभोक्ता समूह**
शिवराज न.पा.-०३, कपिलवस्तु


**निजी...**

देशभरका ५५ जिल्लामा करिब दुई हजार ९०० भवनहरू क्षतिग्रस्त भएको सरकारी तथ्यांकमा उल्लेख छ ।

जेनजी आन्दोलनका क्रममा भएका क्षतिको पुनर्निर्माणका लागि सरकारले चालु आर्थिक वर्षको बजेटबाट एक खर्ब २० अर्ब बराबरको स्रोत जुटाएको जनाउँदै अर्थमन्त्री खनालले उक्त रकम पुनर्निर्माणका लागि पर्याप्त हुने विश्वास व्यक्त गरे । उनले तत्काल पुनःस्थापना कार्य अघि बढाइने धारणा राखे ।

अर्थमन्त्री खनालले इमानदार व्यवसायीलाई अनावश्यक झमेला हुने पूर्ण लेखापरीक्षण (फुल अडिट) अब नहुने बताउँदै कर प्रणाली सुधार गर्नुपर्ने आवश्यकता औंल्याए ।

‘अर्थतन्त्र ठूलो बन्ने हो भने कराधार स्वाभाविक रूपमा बढ्छ । त्यसका लागि व्यावसायिक गतिविधि विस्तार गर्न आवश्यक छ ।’-उनले भने ।

अर्थसचिव घनश्याम उपाध्यायले अहिले रोजगारी केन्द्रित लगानी बढाउन आवश्यक रहेकामा जोड दिए । उनले राजस्व प्रशासनलाई बलियो बनाउँदै ‘फेसलेस अडिट’को व्यवस्था गरिनुपर्ने आवश्यकता औंल्याए ।

करदाताका सबै गुनासो र समस्या सुन्न मन्त्रालय सधैं तयार रहेको बताउँदै अर्थसचिव उपाध्यायले रोजगारी केन्द्रित लगानीमा जोड दिनुपर्ने, राजस्व प्रशासनलाई आधुनिक बनाउनुपर्ने उल्लेख गरे ।

राजस्व सचिव भूपाल बरालले राजस्व लक्ष्य हासिल गर्न चुहावट नियन्त्रण, प्रशासन सुधार, करदातासँग समन्वय र सूचना प्रविधि तथा कृत्रिम बुद्धिमत्ताको प्रयोग अत्यावश्यक रहेको बताए । उनका अनुसार कर्मचारीको छिटो-छिटो सरुवा हुने प्रचलनले नतिजामा आधारित काममा समस्या आउने गरेको छ ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले जेनजी आन्दोलनले उठाएका मुद्दा सुशासन, पारदर्शिता, भ्रष्टाचार नियन्त्रण, असल नियतका भए पनि त्यस क्रममा उद्योगी-व्यवसायीका निजी तथा व्यावसायिक संरचनामा गरिएका आक्रमण अस्वीकार्य भएको बताए । उनले निजी क्षेत्रमा अनावश्यक हस्तक्षेप गर्ने, धन्दा बिगार्ने र आक्रमणमा संलग्न व्यक्तिहरूमाथि कडा कारबाही गर्न सरकारको ध्यानाकर्षण जनाए ।

ढकालले हाल बजारमा प्रशस्त तरलता भए पनि ठूला आयोजना समयमा सम्पन्न नहुनु र धेरै कम्पनीका आइपीओ रोकिएको अवस्थाले निजी क्षेत्र निराश भएका बताए । यस वर्षको कर दिवस ‘कर प्रणालीको सार, लगानीको आधार’ भन्ने नारासहित मनाइएको आन्तरिक राजस्व विभागले जनाएको छ ।


## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# एमालेले श्रमिक मजदुरलाई एकीकृत गरेको छ : पोखरेल




बुटवल । नेकपा एमालेका महासचिव शंकर पोखरेलले नेकपा एमालेले श्रमिक मजदुरलाई एकीकृत गर्दै आएको उल्लेख गरेका छन् ।

ट्रेड युनियन महासंघ जिफन्टका केन्द्रीय उपाध्यक्ष कमल गौतमको सम्मानमा आयोजना गरिएको श्रद्धाञ्जली सभामा बोल्दै उनले नेकपा एमालेले मजदुर वर्गको समेत पार्टी रहेको उल्लेख गर्दै मजदुरलाई सम्मानजनक व्यवहारको अवस्था रहेको बताए ।

नेकपा एमालेका केन्द्रीय सदस्य समेत रहेका गौतमले मजदुर आन्दोलनकै क्रममा अकल्पनीय निधन भोग्नुपरेको पोखरेलले जनाए । उनले गौतमले पार्टी पंक्तिमा र मजदुरको क्षेत्रमा निरन्तर कार्य गरेको स्मरण गरेको उल्लेख गरे ।

उनले पार्टीको सबैभन्दा कम बाहुल्यता रहेको क्षेत्र रुपन्देही ४ मा निकै काम गरेको बताउँदै प्रशंसनीय कार्य गरेको उल्लेख गरे ।

महासचिव पोखरेलले गौतमको निधनलाई निधन भयो भनेर पीडा मात्रै लिनुभन्दा पनि उनीबाट प्रेरणा लिएर संकल्प गर्नुपर्ने बेला आएको बताए ।

कमल गौतमजस्ता योद्धा अझै आवश्यक पर्ने अवस्थामा देश रहेको बताउँदै पोखरेलले कमलको निधनले पार्टी र मजदुरको क्षेत्रमा अतुलनीय क्षति पुगेको जनाए ।

नेकपा एमालेका उप-महासचिव विष्णु रिमालले मजदुर संगठनलाई महत्त्व दिन र आकर्षण गर्नको लागि गौतमको योगदान निकै रहेको बताए । उनले रिक्सा चालक मजदुरलाई संगठित गर्ने कार्यमा निकै मिहेनत गरेको जनाए । उनले आफ्नो सहपाटीको निधन निकै दुःखद भएको बताएका थिए ।

जिफन्टका केन्द्रीय अध्यक्ष विनोद श्रेष्ठले जिफन्टले एउटा सफल योद्धा गुमाएको बताए । उपाध्यक्ष गौतमको निधनको केही घन्टा अघिसम्म नियमित संवाद भइरहेको उल्लेख गरेका थिए । उनले गौतमको संगठनको जीवनकाल र व्यक्तिगत जीवनको बारेमा तयार पारिएको डकुमेन्ट्री समेत प्रस्तुत गरेका थिए ।

एमाले रुपन्देही अध्यक्ष यज्ञ गैरले पार्टी बलियो बनाउने क्षेत्रमा गौतमको भूमिका अतुलनीय रहेको उल्लेख गरे । उनले गौतमको सम्झनामा जिल्ला कमिटीले स्मारिका प्रकाशनको तयारी गरेको समेत जानकारी दिए ।

जिफन्ट लुम्बिनी अध्यक्ष हुमाकान्त काफ्लेले कमलको निधनले जिफन्टलाई ठूलो धक्का लागेको बताउँदै अभिभावक गुमाएको महसुस भएको बताए ।

स्वर्गीय कमलकी श्रीमती बिन्दु गौतमले कमलले लिएका जिम्मेवारीहरुलाई सदैव पूरा गरेको बताइन् । उनले कमलका सपना पूरा गर्न लाग्न सम्पूर्णलाई आग्रह गरिन् ।

रूपन्देही व्यापार संघमा चुनाव :

# केही पदाधिकारीमा मात्रै एकल उम्मेदवारी




बुटवल । रुपन्देही व्यापार संघको २४औं वार्षिक साधारणसभा तथा १३औं अधिवेशनअन्तरगत आगामी नेतृत्व चयनका लागि मिश्रित उम्मेदवारी दर्ता भएको छ ।

निर्वाचन कार्यत्रमअन्तरगत सोमबार उम्मेदवारी दर्ता समय तालिकाअनुसार कही पदमा दोहोरो उम्मेदवारी परेको छ भने केही पदहरुमा एकल उम्मेदवारी परेको छ ।

जसअनुसार अध्यक्षमा प्रकाश ढकाल र दयानीधि भण्डारीको उम्मेदवारी दर्ता भएको छ । वरिष्ठ उपाध्यक्षमा फर्सुराम पन्त र प्रेमनाथ पाण्डे, द्बितीय उपाध्यक्षमा मनिराम खनाल(मणी) र मनहरि बस्याल, सचिवमा मेघनाथ पौडेल र जयलाल न्यौपाने, सह-सचिवमा माधवप्रसाद ज्ञवाली र नलराज नेपालको उम्मेदवारी परेको छ ।

यसैगरी प्रथम उपाध्यक्षमा ऋषिराम पाण्डे, महासचिवमा प्रकाश पौडेल, कोषाध्यक्षमा अर्जुन भट्टराई, सचिव महिलामा बृन्दा भट्टराई आचार्य, सह-कोषाध्यक्षमा जीवनारायण घिमिरेको एकल उम्मेदवारी दर्ता भएको निर्वाचन समितिका संयोजक लेखनाथ ढकालले जानकारी दिए ।

यसैगरी २ जना महिला सदस्यमा शोभाकुमारी जोशी क्षेत्री र इश्वरा देवकोटा(इशु) मात्र उम्मेदवारी परेको छ ।

फर्सा‍टिकर शाखा सदस्यमा तिलक आचार्य, सालझण्डी शाखामा कुलबहादुर बिसी, सेमलार शाखामा देवी शर्मा चपाईं र सम्बद्ध शाखा सदस्यमा हरिबहादुर सुनारको मात्र उम्मेदवारी पर्ने भएको छ ।

कार्य समितिको खुल्ला १६ सदस्य पदका लागि १८ जनाको उम्मेदवारी दर्ता भएको छ । जसमा पिताम्बर अर्याल, तेजेन्द्र सापकोटा, घनश्याम भुसाल, गोकुल ज्ञवाली, टेकराज पन्थी(पन्थी टेर्डस), गोविन्दप्रसाद चापागाईं, टेकराज पन्थी(सिर्द्धाथ डिजिटल), विजय ज्ञवाली, जीवन काफ्ले, लक्ष्मी भट्टराई, सरोजकुमार गहतराज, अशोक ज्ञवाली, नारायण बस्याल, पारसमणि पोखरेल, मीनप्रसाद नेपाल, मुरारीराज भण्डारी, केदार नेपाल, सरोज ज्ञवाली रहेका छन् ।

मंगलबार साँझ ५ बजेसम्म उम्मेदवारी फिर्ता गने निर्वाचन कार्य तालिका अनुसार आगामी मंसिर ५ गते मतदानको समय रहेको छ । संघमा कुल २५ सय ७८ मतदाता संख्या रहेको छ ।

# ‘व्यवसायीलाई दबाएर राज्य सफल हुँदैन’



**मोहम्मद हबिब**
*भैरहवा*

समाजको रुपान्तरणमा राज्यका निकायसँग स्थानीय उद्योगी व्यवसायीहरुको भूमिका महत्वपूर्ण हुनुपर्ने रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्याले बताएका छन् ।

रुपन्देहीको भैरहवामा आन्तरिक राजस्व कार्यालय भैरहवाको आयोजनामा भएको राष्ट्रिय कर दिवस २०८२ को कार्यक्रममा बोल्दै प्रमुख अतिथि पाध्याले व्यवसायीलाई दबाएर राज्य सफल हुन नसक्ने बताए ।

आन्तरिक राजस्व कार्यालयले सरकारले दिएको लक्ष्यभन्दा बढी राजस्व असुली गरेर उत्कृष्ट काम गरेको छ, अझै जरासम्म करबारे सम्पूर्णलाई प्रशिक्षित गर्दै सबै पक्षलाई कर प्रणालीमा ल्याउनु पर्ने र डिजिटल प्रविधिबाट कर तिर्ने वातावरण सहज रुपमा बनाउनु पर्ने बताए । उनले राज्य र जनताको सहकार्यमा देशको विकास र समृद्धि हुने भन्दै सबैले सकारात्मक सोंच निर्माण गर्न जरुरी भएको जनाए ।

सिद्धार्थ उद्योग वाणिज्य संघको सभाहलमा भएको कार्यक्रममा बोल्दै संघका अध्यक्ष नेत्रप्रसाद आचार्यले राज्यले कर असुली गर्ने तर उद्योगी व्यवसायीलाई राज्यले दिनुपर्ने सुविधा नभएको बताए । उनले राज्यले लिने कर प्रणाली व्यवसायीको स्वेच्छिक हुनुपर्ने, राज्यले लिने करले उद्योग व्यवसायी र त्यही देशका जनताका लागि स्वास्थ्य, शिक्षा र रोजगारमा क्षेत्रमा लगानी गर्ने प्रावधान हुनुपर्ने बताए ।

उद्योग व्यापार संगठन रुपन्देहीका अध्यक्ष सचिन रोक्काले कर तिर्न सरकारले व्यवसायीलाई वातावरण तयार गर्न जरुरी रहेको जनाए । करदातालाई सहजरुपमा राज्यलाई कर तिर्नका लागि उत्साहित गर्न राज्यले भूमिका खेल्नुपर्ने बताउँदै उनले राज्य र उद्योगी व्यापारीको सहकार्य सधै जरुरी रहेको उल्लेख गरे ।

सिद्धार्थ सञ्चालका अध्यक्ष अनिलकुमार ज्ञवाली, तिलोत्तम उद्योग वाणिज्य संघका वरिष्ठ उपाध्यक्ष सुरज पंगेनी, वरिष्ठ लेखापरिक्षक शिवहरी शर्मा, अडान रुपन्देहीका पूर्व अध्यक्ष डीआर शर्मालगायतले कर पद्धतीलाई क्यूआर प्रणाली वा पेपरलेस प्रणालीबाट हुनुपर्ने, कानुन र नियम धेरै भएका कारण उद्योगी व्यवसायीहरु समस्यामा परेको, खरिदमा मात्र होइन खर्चमा पनि करको व्यवस्था गर्नुपर्ने, करलाई पारदर्शी र राजस्व प्रशासनमा करछली हुनै नदिने, भन्सार छलि हुनै नदिने कार्य सुरु गर्नुपर्ने बताए ।

सहभागीहरुले हिजोको समयमा कर असुल गर्ने पद्धती अनुमानका आधारमा हुने गरेको भन्दै पछिल्लो समयमा व्यापारी र सरकारले करमैत्रीको माध्यमबाट कर असुल गर्ने गरेकोमा खुसी व्यक्त गरे ।

आन्तरिक राजस्व कार्यालय भैरहवाका प्रमुख राजस्व अधिकृत प्रेमराज पोखरेलले राज्यको महत्वपूर्ण अंगको रुपमा कर प्रशासन रहेको बताउँदै यहाँहरुको सकारात्मक सहकार्यले सफलता प्राप्त भएको बताए । उनले कार्यालयबाट कुनै करदातालाई धरपकड र दुःख दिने कार्य नभएको दाबी गर्दै करदाताको सहयोग र सहकार्यले चालु आर्थिक वर्षमा सरकारले दिएको लक्ष्यभन्दा बढी कर असुल गर्न सफल भएको जनाए ।

‘करदाताहरुले गर्ने कुनै कमजोरीलाई करप्रशासनले सुधार गर्नका लागि सहयोग गर्ने गरेको भन्दै सधैं यहाँहरुको सहकार्यमा तयार रहेको छ,’ उनले भने-‘साना व्यवसायीलाई प्राथमिकता दिँदै दुःख र गुनासोमा स्वयम् सहजीकरण गरी ठुला व्यवसायीको सबैक्षेत्रमा पहुँच हुने गरेको, तर साना व्यवसायी कसले हेर्ने भन्दै त्यही अनुसार हामीले काम गरिरहेका छौं ।’

राजस्व कार्यालयले अब छिट्टै कर बुझाउँदा क्यूआरबाट गर्न मिल्ने प्रणालीको विकास गर्न लागेको छ ।

कार्यालयले आर्थिक वर्ष २०८०।०८१ मा आयकरतर्फ सबैभन्दा धेरै आयकर दाखिला गर्ने आन्तरिक राजस्व कार्यालय भैरहवाको कार्यक्षेत्रअन्तर्गत पर्ने करदाता विजार्ड फ्रेग्रेन्स इन्डिस्ट्रिज मायादेवी ८ लाई उत्कृष्ठ करदाताको रुपमा छनोट गरी सम्मान पत्र र दोसल्ला ओडाएर सम्मान समेत गरेको छ ।

यस्तै कर दिवसको उपलक्ष्यमा आन्तरिक राजस्व कार्यालयका कर्मचारीबिच भएको ब्याडमिन्टन प्रतियोगितामा प्रथम हुने कर अधिकृत सन्तोष सुवेदी र नासु खुमबहादुर रावतलाई प्रमाणपत्रबाट सम्मान गरिएको छ ।

द्वितीय स्थान प्राप्त गर्ने नासु जसराज ओली र नवराज पौडेललाई पनि प्रमाणपत्रबाट सम्मान गरिएको छ । कर अधिकृत नरेश पन्थीको स्वागत मन्तव्य तथा कर अधिकृत सरोज मरासिनीको सञ्चालनमा कार्यक्रम सम्पन्न भएको थिए ।

# भूमिगत विद्युत् प्रणालीका लागि मन्त्री घिसिङको प्रतिबद्धता



भैरहवा । रुपन्देहीको सिद्धार्थनगर नगरपालिकाका नगरप्रमुख तथा संविधानसभा सदस्य इश्तियाक अहमद खान र ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्री कुलमान घिसिङबिच सोमबार सिंहदरबारमा भेटवार्ता भएको छ । भेटमा भैरहवा तथा सिद्धार्थनगर क्षेत्रमा ओभरहेड विद्युत् लाइनहरूलाई भूमिगत गर्ने विषयमा विस्तृत छलफल भएको छ । मन्त्री घिसिङले यो योजनाप्रति पूर्ण प्रतिबद्धता व्यक्त गर्दै चाँडै नै आवश्यक प्रक्रिया अगाडि बढाउने बताए ।

नगर प्रमुख खानले भैरहवाको कोर सिटी क्षेत्रका मुख्य सडकहरू बैंकरोड, गल्लामण्डी रोड, मैत्रीपथ, नारायणपथ र कोटहीमाई पथमा भूमिगत विद्युत् केबल बिछ्याउने योजनाका लागि ४१ करोड ३ लाख ५० हजार रुपैयाँको बहुवर्षीय बजेट माग गरेका थिए । सो अवसरमामन्त्रीघिसिङले भने-‘भैरहवाको तीव्र शहरीकरण र बढ्दो ऊर्जा मागलाई ध्यानमा राख्दै भूमिगत प्रणाली निर्माणलाई प्राथमिकतामा राख्नेछौं । यो योजनाले विद्युतीय दुर्घटना न्यूनीकरण, शहरको सौन्दर्य वृद्धि र वातावरण संरक्षणमा महत्वपूर्ण योगदान दिनेछ । हामी छिट्टै प्राविधिक टोली पठाएर कार्यान्वयनको तयारी थाल्छौं ।’

भेटमा नगर प्रमुख खानले यो प्रतिबद्धताप्रति हार्दिक धन्यवाद दिँदै भने-‘सिद्धार्थनगर नेपाल-भारत सीमाको व्यस्त व्यापारिक केन्द्र हो । ओभरहेड तारहरूले बारम्बार हुने दुर्घटना र सौन्दर्यह्रासले हाम्रो शहरको विकासमा बाधा पुर्‍याइरहेको छ । मन्त्रीज्यूको यो सकारात्मक प्रतिक्रियाले हाम्रो लामो समयदेखिको माग पूरा हुने अपेक्षा छ । यो योजनाले स्थानीय बासिन्दाहरूलाई सुरक्षित र भरपर्दो विद्युत् सेवा प्रदान गर्नुका साथै पर्यटकीय आकर्षण बढाउनेछ । हामी स्थानीय तहबाट पूर्ण सहयोग गर्न तयार छौं ।’

हामी बोलेर मात्र होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोन:- ०७१५४२५७१




आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com